प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मुस्ताङ

## जोमसोम, गण्डकी प्रदेश

## कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः२०७९/०५/०२**

कृषि ज्ञान केन्द्र, मुस्ताङको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न ईच्छुक मुस्ताङ जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समूह तथा सहकारी संस्थाले मिति २०७९ भाद्र ३१ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संबन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**क. कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी बढीमा रु. ५,०००/- अनुदान उपलब्ध गराईनेछ। | १० हेक्टर | १००० | विविध कारणले कम्तिमा ३ बर्ष देखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने। |
| २. | साना व्यवसायिक कृषि फार्म स्थापना तथा विस्तार कार्यक्रम | ५० % अनुदान (बढीमा रु. २ लाख अनुदान उपलब्ध हुने) | १५ वटा | ३००० | फलफुल, तरकारी, नगदेवाली विशेषमा कृषि व्यवसाय स्थापना वा विस्तार गर्नुपर्ने। |
| ३. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | तरकारी खेति विस्तार गरे वापत प्रति रोपनी रु. ३०००/- | २ हेक्टर | १२० | कम्तीमा १ रोपनी भन्दा बढी क्षेत्रफलमा तरकारी खेती गर्नुपर्ने। |
| ४. | बिउ उत्पादनमा प्रोत्साहनमुलक अनुदान कार्यक्रम | कुल लागबतबको बढीमा ५० % अनुदान उपलब्ध हुने। | २ पटक | ८०० | कलष्टरमा आलु, खाद्यान्न, तरकारी र दलहन बालीको बिउ उत्पादन गर्नुपर्ने। |
| ५. | अनुदानमा प्रांगारिक मल वितरण | खरिद मूल्यको बढीमा ७५% अनुदान | २ पटक. | २००० | व्यवसायिक खेति गर्ने कृषकलाई प्राथमिकता दिईनेछ। |
| ६. | बाली बिमाको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल बिमा शूल्कको २० प्रतिशत अनुदान उपलब्ध हुने। | २ पटक | ५०० | आ.व. २०७९/८० मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले उक्त आ.व.को आषाढ १५ गते भित्र आवेदन पेश गर्न सक्नेछन्। पहिला आवेदन पेश गर्नेलाई प्राथमिकता दिईनेछ। |

**ख. कृषिसँग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क सं | कार्यक्रमको नाम | अनुदान सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | विशेष बाली प्रवर्धन कार्यक्रम (सिमी, तोरी, उवा, फापर आदी) | बीउ/कृषि यन्त्र उपकरण खरिद, सिंचाई, प्रशोधन कार्य, ग्रेडिङ, प्याकेजिङ, मण्डारण आदीमा ९० प्रतिशत सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | ५ हेक्टर | ५०० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई सिमी, तोरी, उवा, फापर आदी मध्ये कुनै एक बालीको खेति विस्तार गर्नुपर्ने। |

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मुस्ताङ

## जोमसोम, गण्डकी प्रदेश

| क्र सं | कार्यक्रमको नाम | अनुदान सहयोग रकम | कार्यक्रम संख्या | बजेट रु. हजारमा | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| २. | आलु खेती प्रवर्धन विशेष कार्यक्रम | बीउ/मल/कृषि यन्त्र उपकरण खरिद, ग्रेडिङ, प्याकेजिङ आदीमा ९० प्रतिशत सम्म अनुदान (प्रति रोपनी बढिमा रु. ५०००/-) | ५ हेक्टर | ५०० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेति विस्तार गर्नुपर्ने। |
| ३. | साना सिंचाई कार्यक्रम सञ्चालन | कुल लागतको ९० % सम्म अनुदान (बढीमा रु. २ लाख अनुदान उपलब्ध हुने) | ५ वटा | १००० | साना कुलो निर्माण तथा मर्मत, सिमेन्ट तथा प्लाष्टिक पोखरी निर्माण, पाईप सिंचाई, साना बाँध निर्माण आदी जस्ता कार्यका लागि आवेदन पेश गर्न सकिने। |

**आवश्यक कागजातहरुः**

१. निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव

२. सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो दुई आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र।

३. सम्बन्धित स्थानीय तहको सिफारिस (कार्यक्रममा दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)

४. खेति विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपी (करार सम्झौता न्यूनतम १० बर्ष अवधिको हुनुपर्नेछ)

५. कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितिको बैठक निर्णाय प्रतिलिपी, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी, Pan/Vat दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्त प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपी,

६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपी

**नोटः** कार्यक्रम सम्बन्धि निबेदन तथा प्रस्तावनाको ढांचा यस कार्यालयबाट उपलब्ध हुनेछ तथा यस कार्यलायको वेवसाईट *akcmustang.gandaki.gov.np* बाट पनि प्राप्त गर्न सकिनेछ ।

थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र कृषि ज्ञान केन्द्र, मुस्ताङमा गई वा फोन नं. ०६९-५९०००६ मार्फत सम्पर्क गर्न सकिनेछ। मोवाईल नम्बरः- ९८५७६५७१५७ वा ९८५७६५७१५८ वा ९८४६१२२२१० बाट पनि सम्पर्क गर्न सकिनेछ।